नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १०७ २०७८ साल मंसिर ६ गते सोमबार (22 Nov. 2021 Monday) मूल्य रु. ५/-

विवाह गर्न नगरौ हतार, जरुरी छ शिक्षा र सँस्कार

बीस बर्ष पुगेपछि मात्र विवाह गरौ र गराऔं,
उमेर पुग्नुअघिको विवाह सामाजिक र कानूनी अपराध हो ।
त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने
कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : 'कहिलेसम्म मागिरहने ... ३ पृष्ठमा : यसवर्ष पनि रासायनिक ... ३ पृष्ठमा : म्यानमारलाई चीनद्वारा ...

# उद्योग बाणिज्य संघ सप्तरीमा अग्रवाल समूहको वर्चश्व

**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

उद्योग बाणिज्य संघ सप्तरीमा उद्योगि लालुप्रसाद अग्रवालको समूहले वर्चश्व जमाएको छ । सो समूहको १४ मध्ये १२ पदाधिकारीहरु निर्वाचित भएका छन् ।

शनिबार सम्पन्न निर्वाचनको आइतबार आएको मतपरिणाम अनुसार अध्यक्ष पदमा अग्रवालले ७ सय ४६ मत प्राप्त गरि बिजयी भए । उनले निकटत्तम प्रतिद्वन्दी शंकर दासलाई ४ सय १९ मतअन्तरले पराजित गरे । दासले ३ सय २७ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

यस्तै उद्योग उपाध्यक्षमा दुर्गानन्द प्रसाद साहले ५ सय ७२ मत प्राप्त गरि बिजयी भएका छन् । उनका प्रतिद्वन्दी रामअशिष प्रसाद साहले ४ सय ७० मत प्राप्त गरे । बाणिज्य उपाध्यक्षमा रमेश कुमार साह बिजयी भएका छन् । उनले ८ सय १८ मत प्राप्त गरे भने उनका प्रतिद्वन्दी गौरी शंकर प्रसाद साहले ३ सय २८ मत पाए ।



**लालुप्रसाद अग्रवाल**
**नवनिर्वाचित अध्यक्ष**
**उद्योग बाणिज्य संघ सप्तरी**

यस्तै महासचिवमा अमृतकुमार संचेतीले ६ सय ५५ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्दी सुरज कुमार सिंहले ३ सय ८५ मत प्राप्त गरे । सचिवमा सुरेन्द्र बिमलले ५ सय ९३ मत तथा उनका प्रतिष्पर्धी गुलाब बदी उज्जमा खाँले ४ सय २४ मत प्राप्त गरे ।

यस्तै कोषाध्यक्षमा प्रमोद कुमार काबराले ६ सय ८४ तथा उनका निकटतम प्रतिद्वन्दी दिनेश प्रसाद साहले ३ सय ८९ मत प्राप्त गरे । सहकोषाध्यक्ष पदमा भने दास प्यानलका निर्मल कुमार मुन्धडा ५ सय ४४ मत प्राप्त गरि बिजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्दी अनिलकुमार सिंहले भने ४ सय ७६ मत मात्र प्राप्त गरे ।

यस्तै सदस्य पदमा अग्रवाल प्यानलका सन्तोष कुमार सिन्हा, सचिन्द्र दास, सुरेन्द्र प्रसाद साह, कमल प्रसाद साह, दिलिप प्रसाद गुप्ता र अम्बिका दाहाल निर्वाचित भएका छन् । दास प्यानलबाट सदस्य पदमा संजय पुर्वे निर्वाचित भएका छन् ।

अध्यक्षसहित १४ पदका लागि भएको निर्वाचनमा स्वतन्त्र उम्मेदवार समेत गरि ३१ जनाको उम्मेदवारी परेको थियो । सप्तरीको १८ वटै स्थानिय तहका गरि संघमा १ हजार ३ सय २२ मतदाता रहेकोमा निर्वाचनमा १ हजार १ सय ६१ मत खसेको थियो ।

# राजनीतिक दलको कार्यकारी भूमिकामा रहेका पत्रकारलाई राजीनामा दिन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

नेपाल पत्रकार महासंघले राजनीतिक दलको कार्यकारी भूमिकामा निर्वाचित भएका आफ्ना विभिन्न समितिका पदाधिकारी र सदस्यलाई राजीनामा दिन आग्रह गरेको छ ।

पत्रकार महासंघको केन्द्रीय समिति, प्रदेश समिति, शाखा समितिका पदाधिकारी र सदस्यले कुनै राजनीतिक दलको कार्यसमिति, प्रतिनिधि वा उम्मेदवार हुन नपाउने भन्दै महासंघले यदि उम्मेदवार बनेको भए उच्च नैतिकता प्रदर्शन गर्न आग्रह गरेको हो ।

"महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेको अवस्थामा कुनै राजनीतिक दल वा भातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गरिरहेको अवस्थामा तथा कुनै राजनीतिक दलको प्रतिनिधि वा उम्मेदवार बनेको अवस्थामा उच्च नैतिकता प्रदर्शन गर्न महासंघ आग्रह गर्दछ" महासचिव रोसन पुरीले विज्ञप्तिमार्फत भनेका छन् ।

अहिले महासंघको केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिका धेरै पदाधिकारी अहिले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको अधिवेशनमा कार्यसमितिमा चुनिएका छन् भने महाधिवेशन प्रतिनिधि बनेका छन् । यसरी दलीय राजनीतिमा सहभागी भएकाहरुलाई महासंघ छाड्न आग्रह गरिएको महासंघका एक पदाधिकारीले बताए ।

कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा बसेर स्वतन्त्र तथा सन्तुलित पत्रकारिता नहुने भन्दै महासंघले महासंघको कार्यकारी पदमा बहाल रहेको अवस्थामा पनि कुनै दलको चुनावमा उम्मेदवार हुने, प्रतिनिधि चयन हुने कुरा महासंघको विधान तथा

*बाँकी तीन पृष्ठमा*

# मोटरसाइकल अनियन्त्रित हुँदा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

सप्तरीको बोदेबरसाइन नगरपालिका ७ हैठीमा शनिबार राति आफैले चलाएको मोटरसाइकल अनियन्त्रित हुँदा चालकको मृत्यु भएको छ ।

स.६प. ५०६० नं. को मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक जिल्लाको खडक नगरपालिका ११ बनौलीका २३ वर्षीय मोहम्मद सहजाद आलमको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका आलमको उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएको थियो । सोही अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# काँग्रेसको राजविराज नगर निर्वाचनमा ध्रुब र आनन्द भिड्दै



**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

नेपाली काँग्रेस राजविराज नगरपालिकाको आइतबार साँझ नगर अधिवेशन भएको छ ।

जिल्ला निर्वाचन अधिकृत डा. रुद्र शर्माले साँझ ४ बजेदेखी मतदान सुरु भई राती अबेरसम्म चल्ने र मतगणना सोमबारदेखी मात्र गरिने कार्यक्रम तय भएको जानकारी दिएका छन् ।

निर्वाचनमा नगर नेतृत्वका लागि ध्रुब देव र आनन्द झा प्यानलसहित चुनावी मैदानमा छन् ।

नगरमा चयन भएका वडाको नेतृत्व र क्षेत्रिय प्रतिनिधिमा देउवा-नीधि र पौडेल निकटका लगभग बराबरी प्रतिनीधि जितेकाले नगर चुनावमा कडा प्रतिष्पर्धा देखिएको हो ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय ....

# व्यापारीहरुको अपेक्षालाई परिणाममूखी बनाउनु नयाँ कार्यसमितिको दायित्व

उद्योग बाणिज्य संघ सप्तरीले नयाँ नेतृत्व पाएको छ। त्यो पनि पूर्ण बहुमतका साथ ।१४ सदस्यीय कार्यसमितिमध्ये १२ पदाधिकारी एउटै समूहका निर्वाचित भएका छन्। निवर्तमान कार्यसमितिले आफ्नो तीन वर्षको कार्यकाललाई लम्ब्याएर सात वर्ष पुऱ्याएको थियो। सात वर्षे अवधीको समितिमा रहेका उपाध्यक्ष शंकर दासले आफ्नै नेतृत्वमा निर्वाचन लडे। तर उनी पराजित हुन पुगे। पुराना उद्योगि लालु प्रसाद अग्रवालले अत्याधिक मतबाट निर्वाचित भए। नवनिर्वाचित कार्यसमितिमा पूर्ण बहुमत रहेको छ। सो कार्यसमितिमा अधिकांश यूवा उद्योगि व्यापारीहरु नै रहेका छन्।

यसरी नवनिर्वाचित समितिमा आएका यूवा व्यापारीहरुले संघप्रति घट्दै गएको साखलाई जोगाउन सक्छन की सक्दैनन् भन्ने कुरा आउदो केही दिनमै छर्लङ हुनेछ। विगतमा संघमा ५ हजार भन्दा बढी मतदाता थिए। तर, यस निर्वाचनमा १ हजार ३ सय २२ मात्र मतदाता आवद्ध भए। सात वर्षको अवधीमा यसरी ४ हजार मतदाता घट्नु भनेको संघप्रतिको विश्वास घट्नु हो। उद्योग बाणिजय संघ भनेको विशुद्ध उद्योगि व्यापारीहरुको छाता संगठन हो। यसले व्यापारीहरुको हकहितका लागि कार्य गर्दछ। तर, विगतमा त्यस्ता गतिविधिहरु हुन नसकेपछि अहिले त्यसको परिणाम स्वरुप निर्वाचनले देखाएको छ। विगतका कार्यसमितिमा रहेका पदाधिकारीहरु पराजित हुनुका कारण मध्ये एक उक्त कार्यकालबाट उद्योगि व्यापारीहरु असन्तुष्ट हुनु हो।

कोरोना महामारीका कारण व्यापारीहरुले भोग्नु परेको विभिन्न आर्थिक समस्याप्रति सो समितिले पहल गर्न नसक्नु, उनीहरुको विभिन्न समस्याप्रति संघले गम्भिरतापूवर्क पहल गर्न नसक्नु, उद्योग व्यापारमा आएको ह्रस बारे संघले उचित पहल गर्न नसक्नु लगायतका कारणले पनि संघप्रतिको विश्वासमा कमी आएको छ। जेहोस् नवनिर्वाचित कार्यसमितिबाट यी विकृती विसंगतिलाई न्युनिकरण गर्दै सम्पूर्ण उद्योगि व्यापारीहरुको हकहितका लागि काम गर्ने अपेक्षा राखिएको छ।

संघका नवनिर्वाचित यूवा कार्यसमितिप्रति जिल्लाका सम्पूर्ण उद्योगि व्यापारीहरुको निकै अपेक्षा रहेको छ। जसको परिणाम स्वरुप पूर्ण बहुमत पाएको हो। तसर्थ सम्पूर्ण उद्योगि व्यापारीहरुको अपेक्षालाई परिणाममूखी बनाउने दायित्वका साथै उनीहरुको हकहितका लागि नयाँ कार्यसमितिले काम गरोस् भन्ने सफल कार्यकालको शुभकामनासहित बधाई।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'कहिलेसम्म मागिरहने पीडितले न्याय ?'

काठमाडौँ, ५ मङ्सिर (रासस)।

नेपालमा चलेको दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको आइतबार १५ वर्ष पूरा भएको छ। तर द्वन्द्वमा प्रत्यक्ष प्रभावित भएका पीडितले अहिलेसम्म न्याय पाउन सकेका छैनन्।

विसं २०५२ फागुन १ देखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ साल मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो।

शान्ति सम्झौतापछि देशमा राजनीतिक परिवर्तन भयो। हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापनजस्ता महत्वपूर्ण काम पूरा भयो तर यतिका वर्षसम्म पनि द्वन्द्वपीडितले न्याय र पीडकले सजाय पाएका छैनन्।

न्यायको माग गर्दागर्दै यतिका वर्ष बितिसकेको छ। द्वन्द्वपीडितको त्यति ठूलो माग पनि छैन। बेपत्ता व्यक्तिको सत्यतथ्य सार्वजनिक गरियोस्। घाइतेलाई उपचारको व्यवस्था होस्। त्यसपछि जीविकाका लागि रोजगार र पढ्नेका लागि शिक्षा भए पुग्छ।

**एउटा बलियो कृत्रिम खुट्टा भए पुग्छ : द्वन्द्वका घाइते सोडारी**

बर्दिया मधुवन नगरपालिका ५३ वर्षीय अशोक सोडारीको द्वन्द्वका बेलामा एउटा खुट्टा भाँचिएको छ। अर्को खुट्टा नचल्ने अवस्थामा छ। उहाँ एउटा बलियो कृत्रिम खुट्टाको प्रतिक्षामा हुनुहुन्छ।

"देब्रे चल्दैन, दाहिने खुट्टा भाँच्चिएको थियो, कृत्रिम खुट्टा राखेको छु", द्वन्द्वका बेलामा अपाङ्गता भएका सोडारीले भन्नुभयो, "कृत्रिम खुट्टा भाँचिएर हैरान भयो, मलाई एउटा बलियो कृत्रिम खुट्टा भए पुग्छ।" सोडारीलाई तत्काली समयमा नेपाली सेनालाई सुराकी गरेको आरोप तत्कालीन माओवादीले २०५८ मङ्सिर २६ गते राति ११ बजे सुतिरहेका अवस्थामा चारै हातखुट्टा बाँधेर बञ्चरोले हान्दा एउटा खुट्टा नचल्ने र अर्को खुट्टा भाँच्चिएको हो।

"बिरामी भएर सुतिरहेको मान्छेलाई राति आएर लछारपछार गरी बाहिर निकाले, कसैले चारै हातखुट्टा बाँधे, कसैले आखाँमा पट्टी लगाए", उहाँले भावुक हुँदै त्यो दर्दनाक घटना सम्झँदै भन्नुभयो, "भाला, बञ्चरो, बन्दुक लिएर आएका थिए, बुटले छातीमा हाने, मेरा खुट्टाको जोर्नीजोर्नीमा हानेर मऱ्यो भनेर नालामा फालिदिए।"

रातिको ३/४ बजे 'आमा' भनेर उहाँले बोलेको आवाज सुनेपछि उहाँकी पत्नीले घरमा ल्याएर उपचार गर्न अस्पताल लैजानुभयो। तर उहाँको एउटा खुट्टा काटेर फालियो। अर्को खुट्टा चलेन। "द्वन्द्वकै पीडाले बुबा र श्रीमतीको निधन भयो", उहाँले आफ्नो दर्द सुनाउँदै भन्नुभयो, "एक छोरी, दुइ छोराको सहारामा बसेको छु, द्वन्द्वको घाइतेका रुपमा अहिलेसम्म केही पाएको छैन।" सोडारीले अपाङ्ग परिचयपत्र त पाउनुभएको छ तर त्यसबापत निःशुल्क उपचार पाउनुभएको छैन।

मुलुकको राजनीतिक परिवर्तनका लागि सशस्त्र द्वन्द्वको सुरुआत गरिएको भए पनि त्यसको पीडामा निर्दोष नागरिक परेका छन्। जीवनमा नमिठो घाउ बोकेर बाँचिरहेका छन्।

**छोराको सास कि लास चाहियो : बेपत्ता परिवार केसी**

बाग्लुङ जैगुनीनी नगरपालिका-१० का विमल केसीको २०५८ मङ्सिर १२ गते १३ वर्षीय छोरा गणेश केसी बेपत्ता भएको आइतबारसम्म फेला परेको छैन। माओवादीमा लागेको आरोपमा नेपाली सेनाले लिएर गएको यति वर्ष बितिसक्दा पनि छोराको अवस्था पत्ता लाग्न सकेको छैन।

"छोरा बेपत्ता भएको २० वर्ष भइसक्यो, न जिउँदो छ, न मऱ्यो थाहा छैन", केसीले भावुक भएर भन्नुभयो, "द्वन्द्वमा धेरैको त्यस्तै भयो मेरो मात्र होइन तर छोराको कि सास कि लास चाहियो।" केसीलाई निर्दोष नाबालकको के गल्ती थियो र बेपत्ता पारियो भन्ने प्रश्न मात्र दिमागमा आउँछ। नेपाली सेनाले लगेपछि तीन/चार महिनासम्म पोखरामा छ भन्ने आफन्तबाट उहाँलाई जानकारी आएको थियो। त्यसपछि छोरा कहाँ लगियो थाहा छैन। "मेरा आफन्तले बेपत्ता भएको तीन/चार महिनासम्म त पोखरामा नेपाली सेनासँग भेटेका थियो भनेका थिए, ठीक छ छोरा भन्ने लागेको थियो", केसीले आफ्नो बेपत्ता छोरा सम्झँदै भन्नुभयो, "त्यसपछिका यतिका वर्ष बिते, केही पत्ता छैन।" द्वन्द्वमा केही अङ्गभङ्ग भएर कष्टपूर्ण जीवन बिताइरहेका छन्। कोही बेपत्ता आफन्तको पर्खाइमा छन्।

**कमाउने श्रीमान् मारिँदा परिवारको बिचल्ली भयोः मृतक परिवार कैनी**

व्यास नगरपालिका-११ तनहुँ घाँसी कुवाकी सीता कैनी २४ वर्षको उमेरमा एकल महिला हुनुभयो। सीताका श्रीमान् भरत कैनीलाई माओवादी कमाण्डरको आरोपमा नेपाली सेनाले हत्या गर्दा साढे दुई वर्ष र साढे तीन वर्षका दुई छोरी थिए। परिवार पाल्ने श्रीमान्को हत्यापछि जीवनमा सीताले भोगेको पीडा र दुःखको बयान गरिसक्नु छैन।

"श्रीमान्लाई सेनाले घरभन्दा आठ किलोमिटर पर लगेर मारिदिए, हारगुहार गरेर लास बल्लबल्ल पाएँ", द्वन्द्वका बेला पति बियोगमा पर्नुभएकी सीताले भन्नुभयो, "कमाउने श्रीमान् मारिए, कलिला दुई छोरी काखमा थिए, मैले के खाएँ ? के लाएँ ? जीवनमा कति दुःखकष्ट भोग्नुपऱ्यो भनिसाध्य छैन।"

सीताका पतिलाई २०५९ वैशाख १६ गते बेलुका ९ः३० बजे नेपाली सेनाले लिएर गएका थिए। पछि मारिएको अबर आयो। दुई छोरीलाई सीताले पढाउन सक्नुभएन। दुई छोरी अहिले विवाह गरेर घरमा छन्। सीता घरमा एक्लै बस्नुहुन्छ। अहिले पनि उहाँको प्रश्न यही छ मेरा पतिलाई विनाकारण किन मारियो?

यस्ता प्रश्न कैयौं नागरिकसँग छन्। जुनसुकै परिवर्तनका लागि गरिएको भए पनि द्वन्द्व मुलुक र नागरिकका लागि नमिठो पीडा बनिरहेको छ। न्यायको पर्खाइ निकै लामो भएको छ।

**छिटो न्याय पीडितको अधिकार हो : अधिकारी**

द्वन्द्वपीडितको आवाज उठाउँदै हिँड्ने सुमन अधिकारी आफैं पनि द्वन्द्वपीडित हुनुहुन्छ। आफ्नो पीडासँगै अरु सबै पीडितको न्यायका लागि भौतारिरहनुभएको छ। द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्षसमेत रहनुभएका अधिकारीको बुबा तथा लमजुङको पाणिनी संस्कृत माविका प्रधानाध्यापक हुनुहुन्थ्यो उहाँका बुबा मुक्तिनाथ अधिकारीको तत्कालीन विद्रोही माओवादीले २०५८ माघ ३ गते रुखमा बाँधी निर्ममतापूर्वक हत्या गरेको थियो। सशस्त्र द्वन्द्वका क्रममा करिब १७ हजारको ज्यान गएको थियो।

"कानूनी राज्य हो भने पीडितले न्याय पाउनुपर्छ, राज्यले न्याय दिनुपर्छ, न्याय पाउनु पीडितको अधिकार हो", द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष अधिकारीले भन्नुभयो," पीडितले पनि यो देशमा सम्मानपूर्वक बाँच्न पाउनु त पऱ्यो नि।"

दुवै आयोगले सङ्क्रमणकालीन न्यायका पहिला विस्तृत नीति र कार्ययोजना बनाउनुपर्ने र तत्काल र दीर्घकालीन योजना बनाउनुपर्ने उहाँको माग छ। "कतिपय पीडित उपचार नपाएर छटपटाइरहेका छन्, सरकारले त्यस्तालाई उपचार खर्च दिनुपऱ्यो, शिक्षा र रोजगारी भए पीडितलाई अरु केही चाहिँदैन।" जतिसक्दो छिटो दुवै आयोगका ऐन संशोधन गरेर पीडितलाई न्याय दिने काममा सरकार र आयोग दुवै लाग्नुपर्ने उहाँको माग छ।

**विस्तृत शान्तिसम्झौतामा के थियो ?**

नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्तिसम्झौताको बुँदा नम्बर ५, २ र ३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ।

विस्तृत शान्तिसम्झौतामा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको छ। शान्ति सम्झौताअनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गऱ्यो। सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने।

नेपालको संविधानअनुसार दुई वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करिब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन्।

आयोगले दोस्रो पटक २०६७ माघ ९ गते नयाँ पदाधिकारीले पाएको हो। एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन। आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने काम गर्‍यो।

**आयोगले तीव्ररुपमा काम गरिरहेको छः सत्यनिरुपण तथा मेलमिलाप आयोग**

सत्यनिरुपण तथा मेलमिलाप आयोगमा हालसम्म ६३ हजार ७१८ उजुरी दर्ता भएको छ। तीमध्ये तीन हजारलाई आयोगले तामेलीमा राख्ने निर्णय गरेको छ। ती उजुरीमध्ये आगामी असारसम्म प्रारम्भिक अनुसन्धान भइसकेका तीन हजार ७८७ टुङ्ग्याउने आयागे लक्ष्य लिएको छ।

"आयोगले मिहीन ढङ्गले काम गरिरहेको छ, उजुरीको अनुसन्धानका लागि निश्चित विधि र प्रक्रिया हुन्छ, त्यो पूरा गरेर अध्ययन गर्नुपर्ने हुन्छ", आयोगका अध्यक्ष गणेशदत्त भट्टले भन्नुभयो, "राज्यले स्रोत र साधन दिएमा सात प्रदेशको उच्च अदालतमा भएका १८ स्थानमा आयोगले मुकाम सञ्चालन गर्नसकेमा प्रारम्भिक अनुसन्धान र विस्तृत अनुसन्धानको काम व्यापकरुपमा अगाडि बढाउन सकिन्छ।"

आयोगले द्वन्द्वपीडित परिचयपत्र उपलब्ध गराउने काम सुरु गरिसकेको जानकारी दिँदै उहाँले थप्नुभयो, "पीडितलाई परिपूरणको फाराम

बाँकी तीन पृष्ठमा

# यसवर्ष पनि रासायनिक मलको अभाव हुने

काठमाडौं, ५ मङ्सिर (रासस) ।

गत वर्षको असारमा खेत रोप्ने मुख्य समयमा रासायनिक मल नपाएका किसानले यसवर्ष पनि मल नपाउने भएका छन् । मल खरिद बिक्रीको जिम्मा पाएको कृषि सामग्री कम्पनीले पर्याप्त मात्रामा रासायनिक मल खरिद गर्न नसकिएको भन्दै अभाव हुने जनाएको हो ।

आलु र गहुँका लागि आवश्यकपर्ने मल गत फागुनदेखि नै खरिदको तयारी गर्दा समेत अभाव हुने देखिएको कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार अन्तर्राष्ट्रियरुपमा नै रासायनिक मलको मूल्यमा वृद्धि हुँदा मल खरिदको जिम्मा पाएका कम्पनीले मल ल्याउन नसक्दा अभाव हुने देखिएको छ । अन्तराष्ट्रिय रुपमा गत वर्षको तुलनामा यसवर्ष प्रति मेट्रिकटन ३०० अमेरिकी डलरभन्दा बढीले रासायनिक मलको मूल्यमा वृद्धि भएको छ ।

"कोभिड अगाडि रासायनिक मलको मूल्यमा खासै वृद्धि हुने गरेको थिएन, मूल्य बढ्दै घट्ने गरेको थियो, तर कोभिड पश्चात निरन्तर रुपमा रासायनिक मलको मूल्य बढेको छ, हामीले मल खरिदको बोलपत्र आह्वान गर्दा अन्तर्राष्ट्रिय रुपमा मलको मूल्य कम थियो, तर हाल उच्च भएको छ", उहाँले भन्नुभयो, "मल खरिद गर्न कम्पनीले रु ४/५ करोड बराबरको धरौटी रकम राखेका हुन्छन्, रु २२/२५ करोड घाटा खाएर रासायनिक मल ल्याउनुभन्दा व्यवसायीले धरौटी रकम नै छाड्ने गरेका छन् ।"

उहाँका अनुसार यसअघि प्रति मेट्रिकटन ६७० डलरमा मल खरिदको ठेक्का हुने गरेकामा हाल ठेक्का रकम बढेर ९४८ डलर पुगेको छ । अन्तर्राष्ट्रिय रुपमा नै मलको अभाव भएको भन्दै मूल्यमा वृद्धि हुँदा नेपालमा प्रत्यक्ष असर पर्ने गरेको उहाँको भनाइ छ । "हाम्रो देशमा रासायनिक मलको उत्पादन छैन, अन्य देशबाट ल्याउनुपर्ने बाध्यताका कारण नेपाली किसानले प्रत्येक वर्ष दुःख पाउने गरेका छन्", उहाँले भन्नुभयो, "मल उत्पादन गर्ने देशले दिए हामीले पाउने हो, जतिमा दिन्छु भन्छन् त्यतिमा ल्याउनुपर्ने हाम्रो बाध्यता छ, हाम्रो सार्वजनिक खरिद नियमावलीअनुसार कम मूल्यका आधारमा मलको ठेक्का दिइन्छ, सोही कारण पछिल्ला सबै ठेक्का रद्द हुने गरेका छन्, एउटै ठेक्काका लागि २० पटकसम्म बोलपत्र आह्वान गर्नुपरेको बाध्यता छ ।"

**यस वर्ष दुई लाख मेट्रिक मात्र मल ल्याइने**

नेपालमा रोपाइँ हुने क्षेत्रफलका आधारमा करिब साँढे सात लाखदेखि आठ लाख मेट्रिकटन मल आवश्यक पर्छ । त्यसमध्ये साढे पाँच लाख टनआयात गर्न सके किसानले अभाव झेल्नुपर्दैन । मूल्य वृद्धिका कारण मागको तुलनामा न्यून मात्रामा रासायनिक मल आउदा प्रत्येक वर्ष किसानले मलबिनै खेती गर्नुपर्ने बाध्यता छ ।

कम्पनीका प्रबन्ध सञ्चालक भण्डारीले यसवर्ष रु १५ अर्ब रकमबाट दुई लाख मेट्रिकटन मात्र रासायनिक मल ल्याउन सकिने अनुमान गरिएको बताउनुभयो । "गतवर्ष हामीले सरकारले दिएको रु एघार अर्ब मध्येबाट चार लाख दुई हजार मेट्रिक टन (कृषि सामाग्री कम्पनी र साल्ट ट्रेनिङ कर्पोरेशन दुवैले) रासायनिक मल ल्याएका थियौं, तर यस वर्ष आधा मात्र ल्याउन सकिने हाम्रो अनुमान छ", उहाँले भन्नुभयो, "यसवर्ष हामीले रु १५ अर्ब (पछि थपिएको रु तीन अर्बसहित) रकममध्येबाट दुई लाख १५ हजार मेट्रिकटन मात्र ल्याउनसक्ने अपेक्षा गरेका छौं, अहिलेसम्मको मूल्यअनुसार हामीले दुई लाख जति आउँछ भनेका हौं, अबका दिनमा मूल्यमा फेरबदल हुँदा सङ्कटपूर्ण नै अवस्था छ ।"

कोभिडका कारण रासायनिक मल उत्पादन गर्ने कम्पनी बन्द भएर उत्पादन कम हुँदा विश्वबजारमा मल अभाव देखिएको छ । उहाँले बोलपत्रको विधिअनुसार मात्रै मल ल्याउनसक्ने अवस्था नरहेकाले वैकल्पिकविधिको प्रयोग गर्नुपर्ने बताउनुभयो । "हामीले पटक/पटक मन्त्रालयमा बोलपत्रमार्फत मात्रै नभएर सरकार-सरकार ( जीटुजी)मार्फत मल ल्याउन पहल गर्नुपर्ने कुरा राख्दै आएका छौं, तर हालसम्म सुनुवाइ नहुँदा किसानले खोजेको समयमा मल पाएनन्", उहाँले भन्नुभयो ।

**बङ्गलादेशबाट मल ल्याउँदा सवा अर्ब नाफा**

गत वर्ष नेपालमा रासायनिक मलको अभाव भएको भन्दै सरकारले बङ्गलादेशबाट ५० हजार मेट्रिकटन युरिया मल खरिद गरेको थियो । सुरुआती चरणमा सापटीमा मल ल्याउने तयारी भए पनि अन्तिम समयमा सरकारले जीटुजीमार्फत मल खरिद गरेको थियो ।

पचास हजार मेट्रिकटन युरिया मल खरिद गर्दा सरकारलाई रु एक अर्ब २२ करोड बराबर नाफा भएको कृषि सामग्री कम्पनीले जनाएको छ । कम्पनीका प्रबन्ध सञ्चालक भण्डारीले बङ्गलादेशबाट जीटुजीमार्फत ३४१ मेट्रिक टन रासायनिक मल ल्याएकामा अहिले ९४८ डलर पुगेको बताउनुभयो । हामीले बङ्गलादेशबाट मल ल्याउने सम्झौता गरेपछि मलको मूल्य बढ्न थालेको हो । बङ्गलादेशबाट मल आउन सुरु हुँदा नै प्रति मेट्रिक टन ६७० अमेरिकी डलर पुगेको थियो । अहिले पुनः बढेर ९४८ डलर पुगेको छ ।

"सरकारले जुटीजीमार्फत सम्झौता गरेको हुनाले गत वर्ष बङ्गलादेशबाट मल ल्याउँदा रु सवा एक अर्ब नाफा भएको हो", उहाँले भन्नुभयो । साल्ट ट्रेनिङ कर्पोरेशनले जेठमा डिएपी मल ल्याउन नसक्दा अभाव देखिएको जनाएको छ । कम्पनीले अन्तर्राष्ट्रिय रुपमा नै रासायनिक मलमा भएको मूल्य वृद्धिका कारण मल ल्याउन नसक्दा आलु र गहुँ रोप्ने समयमा मलको अभाव देखिएको हो ।

## 'कहिलेसम्म ...

भराउने र परिपूरणको सिफारिस गर्ने काम पनि सुरु गरिसकेको छ ।" उहाँका अनुसार आयोगले विस्तृत अनुसन्धानको काम सुरु गरिसकेको छ । विस्तृत अनुसन्धान गरिनुपर्ने उजुरीका पीडितलाई परिचयपत्र उपलब्ध गराउने, परिपूरणको फाराम भराउने र परिपूरण सिफारिस गर्ने काम गरिरहेको छ ।

**पन्ध्रसय पीडितलाई परिचयपत्र वितरण भइसक्योः अध्यक्ष सुवेदी**

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा तीन हजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको छ । त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ ।

साथै २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखेको छ । आयोगले दुई हजार ४९६ उजुरीमा विस्तृत छानविन गरिरहेको छ । उजुरीका आधारमा दुई हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ ।

"बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पीडित पहिचान गरी द्रुतरुपमा परिचयपत्र दिने काम गरिरहेका छौं", आयोगमा अध्यक्ष युवराज सुवेदीले भन्नुभयो, "हालसम्म ५०० परिवारका एक हजार ५०० पीडितलाई परिचयपत्र वितरण गरिसकेको छौं ।" आयोगले परिचयपत्र बहाकले केके सुविधा पाउने भन्ने विषयमा पनि नेपाल सरकारलाई लेखेर पठाइसकेको छ । पीडितलाई परिचयपत्रले शिक्षा, स्वास्थ्य र रोजगारीमा सुविधान विषय छन् । तर त्यो संसद्‌मा विचाराधीन अवस्थामा छ ।

आयोगले सीमित स्रोत र साधनमा काम गरिरहेका छन् । तर आयोगलाई आवश्यक पर्ने कानून राजनीतिक दलको सहमतिमा सरकारले अहिलेसम्म संशोधन गरेको छैन । सर्वोच्च अदालतको आदेश, पीडितको रायअनुसार दुवै आयोगको ऐन संशोधन गर्नुपर्नेछ तर अहिलेसम्म संशोधन गर्नेतर्फ दल र सरकारको ध्यान गएको देखिँदैन ।

**सङ्क्रमणकालीन न्याय सरकारको प्राथमिकतामा छ : कानूनमन्त्री बडु**

कानून न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडुले सङ्क्रमणकालीन न्याय वर्तमान गठबन्धनको सरकार प्राथमिकतामा रहेको बताउनुभयो ।

"गठबन्धनको सरकार बनेको छ, यसको न्यूनतम साझा कार्यक्रममा पनि यो विषय प्राथमिकतामा परेको विषय छ, विस्तृत शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने नै हो", मन्त्री बडुले भन्नुभयो, "पीडितलाई न्याय दिन ढिला भइसकेको छ, धेरै ढिला गर्नु हुँदैन, दलको सहमति र पीडितको सरोकारलाई ध्यान राखी सर्वोच्च अदालतको आदेश, कानूनी राज्य, मानव अधिकार प्रतिबद्धताअनुसार टुङ्ग्याउनुपर्छ ।"

पीडितलाई न्यायमा ढिलाइ गर्दा झन् जटिलता हुनसक्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "दलको सहमतिमा आवश्यक कानूनलाई पूर्णता दिन्छौं, विस्तृत शान्ति सम्झौताअनुसार सत्य निरुपण गरी पीडक र पीडित छुट्याउनुपर्छ र मुलुकमा मेलमिलापको वातावरण बनाउनुपर्छ ।"

विस्तृत शान्तिसम्झौता भएको १५ वर्ष पूरा हुँदा पनि पीडितले अनुभूति हुने गरी न्याय पाउन सकेका छैनन् । राजनीतिक दल र सरकारले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउनका लागि ठोस कदम चाल्नुपर्ने जरुरी देखिन्छ ।

## राजनीतिक दलको...

पत्रकारिताको विश्वव्यापी मूल्यमान्यताको विरुद्ध रहेको बताएको छ ।

महासंघका केन्द्र, प्रदेश र शाखा समितिका पदाधिकारी विभिन्न दलको कार्यसमितिमा निर्वाचित हुँदा र प्रतिनिधि बन्दा उनीहरुको स्वतन्त्रताको विषयमा सार्वजनिक प्रश्न उठेका बेला महासंघले उनीहरुलाई नैतिकता देखाउन भनेको हो ।

गत भदौ ९ गते मकवानपुरको दामन बैठकबाट पारित महासंघको तीन वर्षे कार्ययोजना को बुँदा ३५। मा "राजनीतिक दलको प्रचार विभाग वा प्रेस हेर्ने गरी बनेका समितिहरूमा रहेका महासंघका सदस्यको हकमा बाहेक राजनीतिक दलको कार्यकारी भूमिकामा काम गरिरहेकाहरूको सदस्यता महासंघको विधानअनुसार मान्य नहुने भएकाले खारेज गरिनेछ" व्यवस्था रहेको पनि महासंघले बताएको छ ।

# विश्व समाचार

## म्यानमारलाई चीनद्वारा कोरोना विरुद्धको खोप सहयोग

याङ्गुन, ५ मङ्सिर (रासस/सिन्ह्वा) ।

म्यानमारलाई चीन सरकारले कोरोनाविरुद्धको खोप सहयोग गरेको छ । पछिल्लो पटक यहाँ १० लाख मात्रा यो खोप पठाएको बताइएको छ । म्यानमारको सूचना मन्त्रालयले सो कुराको सूचना दिएको छ ।

चीन सरकारले अनुदानमा दिएको सो खोप शनिबार म्यानमारको याङ्गुन पुगेको सो मन्त्रालयले जानकारी दिएको छ । यहाँ पछिल्लो पटक कोरोनाको प्रभाव पहिलेको भन्दा केही बढेको देखिएको अधिकारीले जनाएका छन् ।

म्यानमार सरकारले यहाँ एक करोडभन्दा बढी व्यक्तिलाई कोरोना विरुद्धको खोपको पूर्णमात्रा दिइएको छ । सूचना मन्त्रालयले शनिबार प्रकाशन गरेको विज्ञप्तिमा यहाँका एक करोड तीन लाख नागरिकलाई यो खोप दिइसकिएको छ ।

यहाँ शनिबार ६२५ जनामा कोरोना सङ्क्रमण भएको बताइएको छ । योसमेतगरी यहाँ पाँच लाख १७ हजार ३९५ जनामा यो भाइरसको सङ्क्रमण देखिएको छ ।

यहाँ गएको २४ घन्टामा २४ जनाको यो सङ्क्रमणबाट निधन भएको छ । यहाँ यो भाइरसबाट अहिलेसम्ममा १९ हजारभन्दा बढीको ज्यान गएको बताइएको छ ।

## यमनका हुथी विद्रोहीले साउदी अरेबियामा हमला गरेको दाबी

साना, ५ मङ्सिर (रासस/सिन्ह्वा) ।

यमनका हुथी विद्रोहीले अहिलेको यमनको साउदी अरेबिया नेतृत्वको सत्ता गठबन्धनका विरुद्धमा कारबाही गरेको जनाएको छ । हुथी विद्रोहीले साउदी अरेबियामा हमला गरेको बताए ।

यहाँको सरकारकाविरुद्धमा शनिबार व्यापक आक्रमण गरेको उनीहरुको दाबी छ । ती विद्रोहीले दिएको जानकारीअनुसार उनीहरुले साउदी अरेबियाका विभिन्न विमानस्थलमा पनि ड्रोनबाट बम हमला गरेका छन् ।

उनीहरुले ड्रोनबाट आक्रमण गरेको र यसरी गरिएका आक्रमणमा विभिन्न क्षेत्रका विमानस्थल पनि रहेको बताएका छन् । हुथीले यहाँका राजाको रियादस्थित दरबारलाई पनि लक्ष्य गरेर हमला गरेको जनाएका थिए ।

उनीहरुले साउदी अरेबिया नेतृत्वको सरकारको विरोध गर्दै आएकाले यहाँका राजाका विरुद्धमा पनि हमला गर्ने जनाएका छन् ।

शनिबारको हमला पनि यसैका विरुद्धमा भएको उनीहरुले बताएका छन् । उनीहरुले विगत लामो समयदेखि साउदी नेतृत्वको गठबन्धन सेनाले यमन छोड्नुपर्ने बताउँदै आएको छन् । शनिबार भएको सो हमलामा के कति क्षति भयो भन्ने बारेमा भने केही बताइएको छैन ।

इरानको सहयोगमा रहेका यी हुथी विद्रोहीले गरेको सो हमलाको साउदी अरेबियाको सरकारले भने पुष्टि गरेको छैन । तर हुथीको टेलिभिजन अल मारिसाहले भने सो आक्रमण गरिएको बताएको छ ।

## भारतमा एक दिनमा १० हजार ४८८ नयाँ सङ्क्रमित

नयाँदिल्ली, ५ मङ्सिर (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप १० हजार ४८८ जना सङ्क्रमित भएका छन् । भारतमा अहिले कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एक लाख २२ हजार ७१४ रहेको छ ।

यो सङ्ख्या कूल सङ्क्रमित भएका मध्येको ०.३६ प्रतिशत मात्रै भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ ।

सक्रिय सङ्क्रमितको यो सङ्ख्या सन् २०२० को मार्च अर्थात ५३२ पछिका सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् । मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार कोरोना शुरु भएदेखि हालसमम तीन करोड ४५ लाख १० हजार ४१३ जना कोरोना सङ्क्रमित भएका छन् ।

शनिबार कोरोना सङ्क्रमणका कारण ३१३ जनाको मृत्यु भएको यसैसँगै भारतमा कोरोनाको कारण मृत्यु भएका व्यक्तिको सङ्ख्या चार लाख ६५ हजार ६६२ जना पुगेको पनि समाचारमा जनाइएको छ ।

पछिल्लो २४ घण्टामा भारतमा १२ हजार ३२९ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यसरी एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कम हुँदै गएको हो । भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३९ लाख २२ हजार ३७ रहेको मन्त्रालयले जनाएको छ ।

गत जनवरी १६ बाट भारतमा कोरोनाविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि अहिलेसम्म भारतमा एक अर्ब १६ करोड ५० लाख ५५ हजार २१० डोज खोप लगाइएको छ । भारतमा हालसम्म ६३ करोड १६ लाख ४९ लाख ३७८को परीक्षण भएको पनि मन्त्रालयले जानकारी दिएको छ ।

# ग्लोबल बहुमुखी सहकारी संस्थाले २५ करोडको कारोवार गर्‍यो



**दैनिक समाचारदाता राजविराज, ५ मंसिर ।**

सप्तरीको राजविराजस्थित ग्लोबल बहुमुखी सहकारी संस्थाले गत आर्थिक वर्षमा २५ करोड रुपैयाँको कारोवार गरेको छ । संस्थाको आइतवार सम्पन्न २१ औं साधारणसभामा प्रस्तुत गरिएको प्रतिवेदनअनुसार २५ करोड १५ लाख ९५ हजार २३७ रुपैयाँको कारोवार गरेको जनाइएको छ ।

सोही आर्थिक वर्षमा संस्थाले १० लाख ३४ हजार ९३७ रुपैयाँ मुनाफा गरेको अध्यक्ष सुखराम यादवद्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा उल्लेख छ । मुनाफामध्ये २ लाख ३१ हजार ३०९ रुपैयाँ शेयर लाभांश कोष गएको छ भने बाँकी अन्य कोषमा बाँडफाँड गरिएको प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनअनुसार संस्थाको २ करोड ५३ लाख २ सय शेयर पुँजी रहेको छ भने १० करोड ८१ लाख ४४ हजार ६११ रुपैयाँ निक्षेप संकलन गरेको छ ।

यसैगरी १० करोड ८५ लाख ६६ हजार १११ निक्षेप फिर्ता गरी १३ करोड ३४ लाख ६२ हजार २६८ रुपैयाँ ऋण लगानी रहेको प्रतिवेदनमा छ । महिला २० हजार ३६१ र पुरुष ६ हजार ४० गरी कुल २६ हजार ४०१ जना सदस्य रहेको संस्थालाई कोभिड-१९ महामारी नियन्त्रण गर्न सरकारले थालेको बन्दाबन्दीका कारण ठुलो मार खेप्नु परेको अध्यक्ष यादवले बताए ।

'बन्दाबन्दीले संस्थाको कर्जा असुली अपेक्षित रुपमा हुन सकेन । जसले मुठिया बचत समूहहरु लगायत दैनिक बचतकर्ता साना व्यापारी व्यवसायीको भुक्तानी समयमा गर्न नसकिएकाले वित्तीय कारोवारमा प्रत्यक्ष असर पुगेको छ' उनले भने-'निक्षेप संकलन घटेको छ भने सदस्यहरुको संस्थाप्रति विश्वास गुमेको अवस्था सिर्जना हुन पुगेको छ । ती समस्यालाई समाधान गर्न कानूनी प्रक्रिया अघि बढेको छ ।'

आउँदो दिनमा कर्जा असुली गर्न संस्थाले नितिगत रुपमा कठोरत्तम कदम चाल्ने अध्यक्ष यादवको कथन छ ।

# विभिन्न क्षेत्रका २२ एसपीको सरुवा

काठमाडौँ, ५ मङ्सिर (रासस) ।

नेपाल प्रहरीले २२ प्रहरी उपरीक्षक (एसपी)को सरुवा गरेको छ । प्रहरी माहनिरीक्षक शैलेश थापा क्षेत्रीको शनिबारको निर्णयानुसार प्रहरी उपरीक्षकको सरुवा गरिएको हो । यसअघि कात्तिक २९ गते पनि आठ एसपीको सरुवा भएको थियो ।

सप्तरीको एसपीमा अबिनारायण काफ्लेलाई अख्तियारबाट सरुवा गरिएको छ भने मानव बेचविखन अनुसन्धान ब्यूरोका अनुरागकुमार द्विवेदीलाई सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी गण कैलाली, महानगरीय प्रहरी परिसर काठमाडौँका रमेशकुमार बस्नेतलाई जिल्ला प्रहरी कार्यालय पर्सा, मकवानपुरका सोमेन्द्रसिंह राठौरलाई प्रहरी प्रधान कार्यालय युएन जगेडामा र जिल्ला प्रहरी कार्यालय स्याङ्जामा कार्यरत होविन्द्र बोगटीलाई प्रहरी प्रधान कार्यालयको कानुन शाखामा सरुवा गरिएको छ ।

यस्तै कृष्ण प्रसाईँलाई जनकपुरबाट सर्लाही, टीकाबहादुर केसीलाई काठमाडौँबाट लुम्बिनी प्रदेश सशस्त्र प्रहरी गण, तुलबहादुर कार्कीलाई नुवाकोटबाट २ नं प्रदेश प्रहरी कार्यालय, दिनेशराज मैनाली तनहुँबाट महानगरीय प्रहरी परिसर काठमाडौँ, ध्रुवराज राउतलाई प्रहरी प्रधान कार्यालयबाट अख्तियार र प्रकाश रानाभाटलाई धनुषाबाट पोखरामा सरुवा गरिएको छ ।

यस्तै प्रहरी उपरीक्षक वसन्त रजौरेलाई प्रहरी प्रधान कार्यालयबाट धनुषा, बेलबहादुर पाण्डेलाई पर्साबाट प्रहरी प्रधान कार्यालय, भुवनेश्वर तिवारीलाई सुदूरपश्चिम प्रदेशबाट सुर्खेत, महेन्द्र खड्कालाई धादिङबाट सुदूरपश्चिम प्रदेश, राकेश सिंहलाई सुर्खेतबाट धादिङमा पठाइएको छ ।

प्रहरी उपरीक्षक राजीवबहादुर बस्नेतलाई प्रदेश प्रहरी कार्यालय पोखराबाट स्याङ्जा, राजेन्द्रप्रसाद धमलालाई सप्तरीबाट मानव बेचविखन अनुसन्धान ब्यूरो, राजेन्द्रबहादुर रेग्मीलाई कैलालीबाट तनहुँ, रामप्रकाश शाहलाई बाँकेबाट नुवाकोट, सन्तोषसिंह राठौरलाई सर्लाहीबाट काठमाडौँ उपत्यका प्रहरी कार्यालय र सुरेन्द्रबहादुर गुरुङलाई प्रहरी प्रधान कार्यालयबाट जिल्ला प्रहरी कार्यालय मकवानपुरमा सरुवा गरिएको छ ।




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


# बालबालिकालाई फाइजर खोप

काठमाडौँ, ५ मङ्सिर (रासस) ।

कोभिडविरुद्धको फाइजर खोप आइतबारबाट १२ देखि १७ वर्ष उमेर समूहका सर्वसाधारण बालबालिकालाई दिन शुरु गरिएको छ । कोभिड १९ विरुद्धको खोप नलगाएका तोकिएका दीर्घ रोग भएका १२ वर्ष उमेर माथिका व्यक्तिलाई दिइने फाइजर खोपको पहिलो मात्रा गत कात्तिक २८ देखि यही मङ्सिर ४ गतेसम्म दिइएको थियो भने दोस्रो मात्रा यही मङ्सिर २७ देखि आगामी पुस २ गतेसम्म दिइने स्वास्थ्य कार्यालय काठमाडौँले जनाएको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख शम्भु काफ्लेले फाइजरका लागि तोकिएका गङ्गालाल हृदयरोग केन्द्र, त्रिवि शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, वीर अस्पताल र निजामती अस्पतालका खोप केन्द्रमार्फत खोप दिने गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार खोपको मात्रा कम भएकाले ती केन्द्रहरुमार्फत आइतबार र सोमबार पहिले आउनेलाई प्राथमिकताका आधारमा खोप दिने प्रबन्ध मिलाइएको छ । आइतबारका लागि खोप केन्द्रअनुसार ३०० देखि ४०० खोप पडाइएको उहाँले बताउनुभयो ।

फाइजर खोप लगाउने लक्षित दीर्घ रोगी समूहमा मुटुको शल्यक्रिया गराएका वा औषधि सेवन गरिरहेका, मिर्गौला फेरेका, डायलाइसिस गराइरहेका वा औषधि सेवन गरिरहेका, जुनसुकै प्रकारको क्यान्सरको उपचार गराइरहेका, फोक्सोसम्बन्धी रोगको औषधि सेवन गरिरहेका,अङ्ग प्रत्यारोपण गराएका, उच्च रक्तचाप वा मधुमेह भई चिकित्सकको निगरानीमा उपचार गराइरहेका, रोग प्रतिरोधात्मक क्षमता कम भएको अवस्थाका र मस्तिष्क र मस्तिष्कका रक्तनलीसम्बन्धी रोग भएका व्यक्तिहरु पर्दछन् । सुरक्षित र प्रभावकारी मानिएको यो खोपको दुबै मात्रा पूरा गरेमा ९५ प्रतिशतसम्म प्रभावकारी हुने अध्ययनले देखाएको छ । कोभ्याक्स सुविधाअन्तर्गत नेपालले प्राप्त गरेको एक लाख ६२० डोज खोप काठमाडौँ उपत्यकामा आठ र उपत्यका बाहिरका १६ गरी कुल २४ अस्पतालमा केन्द्र तोकेर गत २८ कात्तिकदेखि लगाउन सुरु गरिएको थियो ।

# दाइजो नदिएकामा हत्या आरोपित

सप्तरी, ५ मङ्सिर (रासस) ।

श्रीमतीलाई विष खुवाइ हत्या गरेका अभियोगमा प्रहरीले बोदे बरसाइन नगरपालिका-५ जाँजरका २५ वर्षीय लुकमान मियाँलाई पक्राउ गरेको छ ।

उनीलाई आइतबार म्याद थपका लागि जिल्ला अदालत पठाइएको इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । दाइजोबापत मोटरसाइकल र नगद नदिएको जनाउँदै मियाँले परिवारका सदस्यसँग मिलेर २०७६ फागुन २ गते श्रीमती २२ वर्षीया रोशन खातुनलाई विष खुवाएर हत्या गरेको बताइएको छ ।

शव परीक्षणका कोशी अस्पताल विराटनगरमा भएको थियो । घटनासँगै मृतकका बुबा जहिरुदिनले इलाका प्रहरी कार्यालय कडरबोनामा दिएको जाहेरी दर्ता नभएपछि जहिरुद्दिनले उच्च अदालत जनकपुर, राजविराज इजलासमा परमादेशका लागि मुद्दा दायर गर्नुभएको थियो ।

उच्च अदालत जनकपुर राजविराज इजलाशले २०७७ मङ्सिर २९ गते परमादेश गरेपछि जाहेरी दर्ता गरी लुकमानलाई पक्राउ गरिएको प्रहरी निरीक्षक पासवानले बताउनुभयो । हत्या आरोपमा लुकमानसहित उनका आमा ४५ वर्षीया सकिना खातुन, सोही ठाउँका ५५ वर्षीय कलिमुल्ला मियाँ, ४७ वर्षीय सरिमुल्ला मियाँ, महादेवा गाउँपालिका-४ का ३२ वर्षीय हजरत मियाँ र सोही ठाउँकी २७ वर्षीया हमिदा खातुन र २९ वर्षीया रेशमा खातुनविरुद्ध जाहेरी दिइएको छ । अन्य आरोपित पक्राउ परेका छैनन् ।

रोशन खातुनको २०७६ मङ्सिर ३० गते लुकमानसँग विवाह भएको थियो । विवाहपछि दाइजो माग्दै पटकपटक धम्की दिँदै आएका लुकमानसहितकाले दाइजो नदिएको रिसमा बहिनालाई कुटपिट गर्दै विष खुवाएको मृतकका भाइ मो. फिरोजले बताउनुभयो । "बहिनीलाई दाइजो माग्दै कुटपिट गरेको कुरा बहिनीले मोबाइल फोनबाट हामीलाई सुनाएको रेकर्ड सुरक्षित छ ।" उहाँले भन्नुभयो, "हामीलाई न्याय चाहिएको छ ।" विष खुवाइएपछि गम्भीर बनेकी रोशनको उपचारको क्रममा विराटनगरस्थित गोल्डेन अस्पतालमा मृत्यु भएको थियो ।

# प्रदेश नं २ सरकारमा नेकपा (एकीकृत समाजवादी) सहभागी

धनुषा, ५ मङ्सिर (रासस) ।

प्रदेश नं २ सरकारको मन्त्रिपरिषद् विस्तार गरिएको छ । प्रदेश सरकारमा आइतबारदेखि नेकपा (एकीकृत समाजवादी)बाट दुई मन्त्री सहभागी भएका छन् । नवनियुक्त दुई मन्त्रीले आइतबारै पद तथा गोपनीयताको शपथ ग्रहण गरी औपचारिकरुपमा कार्यभार सम्हालेका छन् ।

प्रदेश प्रमुख हरिशङ्कर मिश्राले मुख्यमन्त्री लालबाबु राउतद्वारा नवनियुक्त उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतो र कानून, न्याय तथा प्रदेशसभा मामिलामन्त्री प्रमोदकुमार यादवलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

एकीकृत समाजवादीसँग मन्त्रालय र मन्त्रीको टुङ्गो नलाग्दा लम्बिएको थियो । एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराउनका लागि मुख्यमन्त्री राउतले आफ्नै दल जनता समाजवादी पार्टीका मन्त्री रामनरेश रायलाई गत साता बर्खास्त गर्नुभएको थियो ।

नवनियुक्त मन्त्रीमा धनुषा निर्वाचन क्षेत्र नं ४ (ख) बाट निर्वाचित महतो संविधानसभाका बेला सङ्घीय सरकारमा स्थानीय विकास राज्यमन्त्रीसमेत हुनुभएको थियो । सिरहा निर्वाचन क्षेत्र नं ३ (ख) बाट प्रदेश सभा सदस्य जितेका यादव अर्को मन्त्रालयको जिम्मेवारी पाउनुभएको हो । प्रदेशसभामा नेकपा(एस)का १३ सदस्य छन् ।

केन्द्रमा बनेको गठबन्धनअनुसार प्रदेशमा जसपा नेतृत्वको सरकारमा कांग्रेस, माओवादी र नेकपा(एस)लाई सहभागी गराइएको हो । प्रदेश सरकारमा जसपाले मुख्यमन्त्रीसहित अर्थ, सामाजिक विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी गरी चार मन्त्रालय, कांग्रेसले भौतिक पूर्वाधार, ऊर्जा तथा खानेपानी र महिला, बालबालिका, युवा तथा खेलकुद गरी तीन मन्त्रालय र नेकपा (माओवादी केन्द्र)ले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय पाएका छन् । नेकपा(एस)लाई पनि भागबन्डामै दुई मन्त्रालय दिइएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*